# लोक सेवा आयोग

# सूचना-पत्र

# BULLETIN

## साप्ताहिक
## (बुधवार प्रकाशित हुने)

| वर्ष ४१ | २०८१ असार १२ गते | अंक ४९ |
|---|---|---|
| YEAR 41 | 26 JUNE 2024 | NO. 49 |


## विषयसूची


पृष्ठ

१. संघीय संसद सेवा, रा.प. द्वितीय श्रेणीका पदको कार्यक्षमता तथा मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन २

२. सिफारिस सम्बन्धी सूचना २

(क) इञ्जिनियरिङ्ग, मेट्रोलोजी, रा.प.अनं. द्वितीय (आ.ज.), सिनियर मिस्त्री

३. विविध ३

(क) पुनर्योग सम्बन्धी सूचना

(ख) वैकल्पिक सिफारिस सूचना


**उम्मेदवारहरुलाई विशेष जानकारी :** लोक सेवा आयोगबाट प्रकाशित विज्ञापनहरुमा psconline1.psc.gov.np मा गई दरखास्त दिन सकिन्छ। सम्बन्धित पदको पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

# केन्द्रीय कार्यालय, कमलपोखरी

*सूचना तथा प्रकाशन शाखा*

## संघीय संसद सेवा, रा.प. द्वितीय श्रेणीका पदको कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको विज्ञापन

**सूचना नं. १५६९/०८०-८१** **प्रकाशन मितिः २०८१/३/१२**

सम्मानित उच्च अदालत पाटन, हरिहरभवन, ललितपुरको रिट नं. ०८०-WO-०७१३ को आदेश कार्यान्वयन गर्ने सन्दर्भमा संघीय संसद सेवा, सामान्य प्रशासन समूह, रा.प.द्वितीय श्रेणी उपसचिव वा सो सरहका देहाय अनुसारका पदहरुमा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तल उल्लेखित योग्यता पुगेका उम्मेदवारहरुबाट रितपूर्वक दरखास्त आह्वान गरिएको छ।

| क्र.सं. | बढुवा सूचना नम्बर | सेवा, समूह, | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५२९/०८०-८१ | संघीय संसद, सामान्य प्रशासन | रा.प. द्वितीय | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | २ (दुई) |

**विज्ञापन सम्बन्धी विशेष सूचना :-** सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० उपर भएको उत्प्रेषण परमादेशको आदेश बमोजिम जारी हुने संघीय निजामती सेवा ऐनमा समावेशी समूहको हकमा समेत प्रतिशत निर्धारण भए बमोजिम हुने गरी हाललाई निजामती सेवा ऐन, २०४९ बमोजिम विज्ञापनको सूचना प्रकाशित गरिएको छ।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवातर्फका उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २८ बमोजिम योग्यता पुगेको हुनुपर्नेछ र दफा २९ बमोजिम बढुवाको लागि अयोग्य भएको हुनुहुँदैन।

(ख) संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ३१ अनुसारका बढुवाका आधार वापतको अंक गणना गरी बढुवाको सिफारिस हुनेछ। ऐनको दफा ३२ अनुसार कार्य सम्पादनको मूल्याङ्कन, दफा ३३ अनुसार जेष्ठताको मूल्याङ्कन र दफा ३४ अनुसारको शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन हुनेछ।

(ग) संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिसम्म हासिल गरेको अंक गणना गरिनेछ।

(घ) बढुवा दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(च) बढुवा दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनुपर्नेछ।

(छ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन्।

(ज) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा २८ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ। कर्मचारीको सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ।

(झ) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त मिति २०८१/४/१५ सम्ममा लोक सेवा आयोग, दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर, काठमाडौंमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

(ञ) दरखास्त दस्तुर रु. २,००० ।- (दुई हजार) बुझाउनु पर्नेछ।

(ट) सम्भाव्य उम्मेदवार हुनका लागि आवश्यक पर्ने तालिम, शैक्षिक योग्यता र अनुभव लगायतका विषय आयोगबाट मिति २०८०/६/२५ मा प्रकाशित सूचना नं. ३७१/०८०-८१ मा उल्लेख भएबमोजिमको अवधिलाई लिइने छ र बढुवाका अन्य शर्तहरु समेत सोही सूचनामा उल्लेख भएबमोजिम हुनेछन्।

# सिफारिस सम्बन्धी सूचना

लोक सेवा आयोगबाट प्रकाशित निम्न लिखित विज्ञापन नम्बर अनुसार देहायका सेवा, समूह, उपसमूह, श्रेणी/तह र पदको लागि लिइएको लिखित परीक्षा र अन्तर्वार्ता समेतको प्राप्ताङ्कको आधारमा देहाय बमोजिम योग्यताक्रम कायम हुन आएकोले नियुक्तिको लागि निम्न लिखित स्थानमा सिफारिस गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## लोक सेवा आयोग, काठमाडौं कार्यालय

**सूचना नं. ४६९/०८०-८१**

**विज्ञापन नं. १२०७१/०७९-८० (आ.ज.)**

**सेवा, समूह, उपसमूहः-** इञ्जिनियरिङ्ग, मेट्रोलोजी — **पदः** सिनियर मिस्त्री

**अन्तर्वार्तामा उपस्थित संख्याः-** २ — **तह/श्रेणीः-** रा.प.अनं. द्वितीय (प्रा.)

**सिफारिस स्थानः-** गुणस्तर तथा नापतौल कार्यालय, काठमाडौं । — **सिफारिस मितिः-** २०८१।२।२

| यो.क्र.नं. | मास्टर आइ.डी. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| १ | ५२३३२७ | ३१०००९ | राजेश कुमार चौधरी | मोहनपुर-७, सप्तरी | इन्द्रनारायण/दुखनीदेवी | बिलट |

**वैकल्पिक उम्मेदवारः**

| वै.यो.क्र.नं. | मास्टर आइ.डी. | रोल नं. | नाम, थर | ठेगाना | बाबु/आमाको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|---|
| १ | ७१७८२ | ३१००१८ | खुशिनन्दन चौधरी | करैयामाइ-७, बारा | जगरनाथ/गान्धी | नुनु |

## केन्द्रीय कार्यालय, कमलपोखरी

## लिखित परीक्षा नतिजा प्रकाशन शाखा

## पुनर्योग सम्बन्धी सूचना

**सूचना नं. १५५८/०८०-८१**

लोक सेवा आयोग सुर्खेत कार्यालयको वि.नं. १४७५८-१४७६४/०८०-८१ (खुला तथा समावेशी) एकीकृत सेवा/समूह, रा.प. अनं. द्वितीय श्रेणी (अप्राविधिक) खरिदार वा सो सरह पदको मिति २०८१।२।२१ मा प्रकाशित प्रथम चरणको लिखित परीक्षाको नतिजामा चित्त नबुझाई रोल नं. ६५३९४४ का उम्मेदवार **हिरा परियार**ले पुनर्योग गराई पाउँ भनी पेश गरेको निवेदन उपर कारबाही हुँदा साविक नतिजामा कुनै पनि परिवर्तन नभएको व्यहोरा पुनर्योग समितिको मिति २०८१।३।७ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## वैकल्पिक सिफारिस सूचना

आयोगका देहायका विज्ञापन अनुसार सिफारिस भएका मुख्य उम्मेदवारको पद निम्न लिखित कारणले रिक्त हुन आएको हुँदा वैकल्पिक उम्मेदवारलाई सिफारिस गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सूचना नं. | वि.नं. र कार्यालय | पद, सेवा, समूह, उपसमूह र श्रेणी/तह | मुख्य योग्यताक्रमका उम्मेदवार | | | वैकल्पिक सिफारिस गरिएको उम्मेदवार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | यो.क्र.नं. | नाम, थर | पद रिक्त हुनुको कारण | वै.यो.क्र.नं | रोल नं. | नाम, थर |
| ५६४/०८०-८१ | १२०५१/०७९-८० (महिला) काठमाडौं कार्यालय | सूचना प्रविधि सहायक, राष्ट्रिय मानव अधिकार, सहायक प्रथम श्रेणी | १ | रिंकु कुमारी ठाकुर | राजिनामा | १ | ३१०३६२ | लक्ष्मी कडेल |
| ५६३/०८०-८१ | १२०५०/०७९-८० (खुला) काठमाडौं कार्यालय | सूचना प्रविधि सहायक, राष्ट्रिय मानव अधिकार, सहायक प्रथम श्रेणी | वै.यो.क्र.नं. १ | संजय कुमार साह | राजिनामा | २ | ३१०२८० | ऋषि कुमार झा |
| १८७/०८०-८१ | १३८०८/०७९-८० (खुला) बुटवल कार्यालय | डिट्टा, न्याय, न्याय, रा.प.अनं. द्वितीय श्रेणी | १६ | सुष्मा पोखेल | नियुक्ति नलिएको | १ | ५५४८०२ | शुशिल थापा |

प्रकाशकः लोक सेवा आयोग, सूचना तथा प्रकाशन शाखा
ई-मेलः: info@psc.gov.np वेभसाइट: www.psc.gov.np
टेलिफोन नं.: ०१-४७७१३५५, फ्याक्स नं. : ०१-४७७१४९० पोष्ट बक्स नं.: ९७९, काठमाडौं